**प्राज्ञिक विमर्श**, वर्ष ७, अङ्क, १४, २०८२ असोज, ISSN 2676–1297

# आमाको चन्द्रमा उपन्यासमा लोकविश्वास

✹गङ्गाप्रसाद भेटवाल
bhetwalganga6@gmail.com

**अध्ययनसार**

यस अध्ययनअन्तर्गत शान्ति सापकोटाको आमाको चन्द्रमा उपन्यास मुख्य विश्लेष्य सामग्री रहेको छ। विश्लेषणका लागि निर्धारित शीर्षक *आमाको चन्द्रमा* उपन्यास मा प्रयुक्त लोकविश्वासको खोजी हो। *आमाको चन्द्रमा* उपन्यासमाथि लोकविश्वासको प्रयोगका सन्दर्भबाट अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा यस उपन्यासमा लोकविश्वासको प्रयोग सशक्त रूपमा प्रमाणित भएको कुरा पात्रगत, घटनागत र परिवेशगत अध्ययनबाट देखिएको छ। पात्रमा लोकविश्वासको प्रयोग भएको छ भन्ने कुरालाई उपन्यासको सन्दर्भबाट प्रस्तुत गरिएको छ। त्यो प्रयोगले पात्रलाई गतिशील बन्न मलजल प्रदान गर्दछ। समयअनुसार लोकविश्वासहरू परिवर्तन हुँदै जान्छन्। पुरानो पुस्ता एउटा आधारबाट बाँचिरहेको अवस्थामा नयाँ पुस्ताले ती आधारहरूमा सुधारको खोजी गर्दै जान्छन्। सुधार सहितको लोकविश्वासको निरन्तरता समयले ल्यान्छ भन्ने तथ्य यस विश्लेषणले प्रस्ट पारेको छ। आधुनिक समयका आख्यानसँग सम्बन्धित कृतिहरूमा उल्लेख्य मात्रामा लोकविश्वासको अवस्था नपाइए पनि केही हदसम्म लोकविश्वासको प्रयोग भएको देखिन्छ। प्रस्तुत उपन्यास बालबालिका एवं किशोर किशोरीहरूलाई लक्षित गरेर लेखिएको कृति भएपनि यसभित्र पनि लोकविश्वास आउनुले औपन्यासिक कृतिहरूमा धेरथोर यसको अस्तित्व हुने रहेछ भन्ने कुरा देखाइएको छ। यस अध्ययनको माध्यमबाट लोकविश्वासको प्रयोगको दृष्टिले आमाको चन्द्रमा उपन्यास सफल उपन्यासको रूपमा रहेको देखिन्छ। यहाँ व्यक्त भएको लोकविश्वासको प्रयोगले उपन्यासभित्रका पात्र, घटना र परिवेशमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै उपन्यासको कथानक पूर्ण भएको छ भन्ने सार निकालिएको छ।

**प्रमुख शब्दावली** : लोकविश्वास, गतिशील, मनोविज्ञान, परम्परागत चलन, लोकव्यवहार।

## विषयपरिचय

यस अध्ययन कार्यमा शान्ति सापकोटाद्वारा लिखित *आमाको चन्द्रमा* उपन्यासमा लोकविश्वासको प्रयोगको अध्ययन गर्नु मुख्य उद्देश्य रहेको छ। शान्ति सापकोटा नेपाली साहित्य लेखनको क्षेत्रमा स्थापित नाम हो। उनले साहित्यका विविध विधामा कलम चलाएको देखिन्छ। सापकोटाले बालबालिका र किशोर-किशोरीलाई खुराक मिल्ने गरी साहित्यिक सिर्जना धेरै गरेको देखिन्छ। उनले बालकवितासङ्ग्रह, बालकथासङग्रह, चित्रकथा, निबन्ध र उपन्यासका कृतिहरू प्रकाशन गरेको देखिन्छ। यी कृतिहरू मध्ये *आमाको चन्द्रमा* (२०८१) एक कृति हो। यहाँ *आमाको चन्द्रमा* उपन्यासमा लोकविश्वासको प्रयोगको कोणबाट अध्ययन, विश्लेषण एवं मूल्याङ्कन गरिएको छ। यो उपन्यासले किशोर एवं बालबालिकाको मनोविज्ञानलाई समाउने र उनीहरूकै क्रियाकलापलाई स्थान दिने काम गरेको छ। यस उपन्यासले किशोर किशोरीका विभिन्न जिज्ञासाहरू उठाएको र छलफलका लागि उनीहरूलाई नै अगाडि बढाएको छ। यस उपन्यासमा मुख्य पात्रहरू रूपाली, रूपालीका आमा-बाबा, गीता अर्थात् गुथुनी, शंकर, रूपालीका मामा-माइजु, बिर्सना, रूपालीका काका, लाहुरेनी आमा, लाहुरेनी आमाको छोरा, लाहुरेनी आमाको नाति लगायतका पात्रहरू रहेका छन्। यी पात्रहरूमध्ये भूमिकाको आधारमा रूपाली नै केन्द्रीय पात्र बनेकी छे। उपन्यासको सुरूदेखि अन्तिमसम्म रूपालीको भूमिका आएको छ। अरु पात्रहरूको सन्दर्भसँग मेल खानेगरी भूमिका आएको छ। यो उपन्यासले किशोर किशोरीका अबोध जिज्ञासा उठाएका छन्। किशोर-किशोरीका बीचमा ती जिज्ञासाहरूको छलफल पनि भएका छन्। घरायसी र सामाजिक वातावरणले बालबालिका र किशोर-किशोरीका बानी व्यवरामा देखापर्ने विभिन्न स्थितिहरूलाई यहाँ प्रस्तुत गरिएको छ। मुख कथानकको रूपमा रूपालीले आमाको चन्द्रमाप्रति देखाएको आकर्षणलाई प्रस्तुत गरिएको छ यसरी लेखिएको उपन्यास *आमाको चन्द्रमा*मा लोकविश्वासको प्रयोगको अध्ययन गर्दा पात्र, घटना र परिवेशमा प्रयोग भएको लोकविश्वासको अवस्थालाई अध्ययन विश्लेषण र मूल्याङ्कन गरी सार प्रस्तुत गरिएको छ।

✹ **लेखक त्रिभुवन विश्वविद्यालयमा विद्यावारिधि अनुसन्धानरत छन्।**

**विश्लेषणको सैद्धान्तिक अवधारणा**

विश्लेषणको सैद्धान्तिक अवधारणा भन्नाले कृति विश्लेषण गर्ने आधार हो । यस अध्ययनमा विश्लेषणका लागि लोकविश्वासका सूचकहरू तय गरिएको छ र तिनै तय भएका सूचकमा आधारित रहेर मुख्य विश्लेष्य सामग्रीलाई विश्लेषण गर्ने काम भएको छ । यहाँ दुई विषयलाई समानान्तर ढङ्गबाट उठाइएको छ । पहिलो विषय *आमाको चन्द्रमा* उपन्यास र दोस्रो लोकविश्वास रहेको छ । *आमाको चन्द्रमा* उपन्यास विश्लेष्य सामग्री हो र लोकविश्वास उपन्यास विश्लेणका लागि प्रयोग भएको उपकरण हो । लोकविश्वासको प्रयोगका सम्बन्धमा घटना, पात्र र परिवेशलाई मुख्य सूचक मानेर ती सूचकहरूमा प्रयोग भएको अवस्थालाई पहिचान गरी विश्लेषण गरिएको छ । उपन्यास आख्यान विधाको लामो कथानक भएको कृति हो भने लोकविश्वास लोकले आत्मसात् गरेको विश्वास हो । आदिकालीन समयदेखि नै लोकविश्वासले लोकमा स्थान पाएको हुन्छ । यसअन्तर्गत पाप-धर्म, लागो-भागो, जादु-टुनामुना, तान्त्रिक उपचार, ईश्वरप्रतिको आस्था, भूत-प्रेतप्रतिको विश्वास, संस्कार, परम्परा, प्रथा, धार्मिक प्रणली, रीतिरिवाज, परम्परागत, वेशभूषा, लोकव्यवहार, भाकल, व्रत, तीर्थ, धार्मिक प्रणाली लोकविश्वासअन्तर्गत पर्दछन् । लोकविश्वासहरू विभिन्न प्रकारका हुन्छन् । धार्मिक लोकविश्वास सांस्कृतिक लोकविश्वास, यात्रासँग सम्बन्धित लोकविश्वास, उपचारसँग सम्बन्धित लोकविश्वास, लोकव्यवहारसँग सम्बन्धित लोकविश्वास, भूतप्रेतसँग सम्बन्धित लोकविश्वास, जादु तिलस्मी प्रकारका लोकविश्वास, सकारात्मक नकारात्मक लोकविश्वास आदि । कतिपय लोकविश्वास बुझेर स्वीकार गरिएको हुन्छ भने कतिपय त्यतिकै स्वीकार गरिएको हुन्छ । लोकविश्वासको प्रचलन शुरू हुँदा कसैले आफ्नै प्रकारले शुरू गरेको हुन्छ र पछि बिस्तारै मान्यता पाउँदै जान्छ । कृतिको विश्लेषण गर्दा लोकविश्वासका यी विभिन्न पक्षहरूबाट अध्ययन गर्न सकिए तापनि यस अध्ययनमा *आमाको चन्द्रमा* उपन्यासमा लोकविश्वासको प्रयोगबारे अध्ययन गर्दा उपन्यासका संरचक तत्त्वहरूमा लोकविश्वासको प्रयोग के कसरी भएको छ भन्ने कोणबाट मात्र अध्ययन गरिएको छ यो विश्लेषणका लागि तय भएको अवधारणा हो । उपन्यासका संरक्षक तत्त्वहरू कथानक घटना परिवेश पात्र संवाद भाषाशैली सारवस्तु परेता पनि संरचक तत्त्वलाई समग्रतामा समेट्दा सवाद र भाषाशैली पात्रसँग जोडिएर आउँछन् । कथानक र सारवस्तु घटनासँग जोडिएर आउँछन् । परिवेशले घटनाक्रमलाई अगाडि बढाउन मुख्य भूमिका खेल्दछ । यसरी हेर्दा उपन्यासका मुख्य संरचक तत्त्वलाई पात्र, घटना र परिवेशमा समेट्दा सबै पक्ष समेटिने देखिन्छन् ।

आमाको चन्द्रमा उपन्यासमा लोकविश्वासको प्रयोगको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने ढाँचा यसप्रकार छ -

<u>विश्लेषण ढाँचा</u>

| | |
|---|---|
| | पात्र |
| लोकविश्वासको प्रयोग : | घटना र |
| | परिवेश । |

यही ढाँचामा आधारित रहेर *आमाको चन्द्रमा* उपन्यासको भित्रको भित्र लोकविश्वासको प्रयोगको अवस्थाको अध्ययन विश्लेषण मूल्याङ्कन गरी निष्कर्षमा पुगिएको छ ।

**आमाको चन्द्रमा उपन्यासमा लोकविश्वासको प्रयोगको अवस्था**

यहाँ *आमाको चन्द्रमा* उपन्यासमा लोकविश्वासको प्रयोग कहाँ कहाँ भएको छ भन्ने सन्दर्भमा अध्ययन गर्दा माथि अवधारणा खण्डमा तय भएको ढाँचाअनुसार घटना, पात्र र परिवेशमा लोकविश्वासको प्रयोगात्मक अवस्थाको अध्ययन गरिएको छ । यसरी अध्ययन गर्दा एउटा सूचकलाई एउटा उपशीर्षकमा राखेर र अर्को सूचकलाई अर्कै शीर्षकमा राखेर प्रस्तुत गर्दै लोकविश्वासको प्रयोगको अवस्थाको साक्ष्य प्रस्तुत गर्दै विश्लेषण गरिएको छ ।

**आमाको चन्द्रमा उपन्यासका पात्रमा लोकविश्वासको प्रयोगको अवस्था**

उपन्यासका पात्र भन्ने बित्तिकै मुख्य पात्र सहायक पात्र र गौण पात्रलाई बुझिन्छ तर उपन्यासको कथानकलाई अगाडि बढाउन मुख्य पात्रहरूको महत्त्वपूर्ण भूमिका हुनाले लोकविश्वासको प्रयोगको अवस्था विश्लेषण गर्न मुख्य पात्रलाई नै केन्द्रमा राखेर लोकविश्वासको अवस्थाको पहिचान गरी विश्लेषण गर्ने काम भएको छ ।

**साक्ष्य १ -**

> "चिया बना न बुढी, छक्काल भइसक्यो । खेतमा जान छ । मेलो भ्याउनै मुस्किल हुन्छ । यही चाल हो भने त मकैमा भार आएर मकैलाई नै खाइसके । हामीले खाने के हो ? यी छोरीहरूलाई खुवाउने के हो ?"

> बुबाले बाहिरबाटै भन्नुभयो । आमाले कपाल कोर्नुभयो । बीचमा सोझो सिउँदो काढ्नु भयो । सिउँदोमा सिन्दुर लगाउनु भयो । निधारमा रातो बाटुलो टिकी । "चन्द्रमा लगाउनुहुन्छ आमा" मैले सोधे । "कहाँ जतिखेर मन लाग्यो उतिखेर चन्द्रमा लगाउन हुन्छ ? खेतमा काम गर्न जाने हो" आमाले कर्के आँखाले हेर्दै भन्नुभयो । उहाँको सोझो नजर त अझै पनि ऐनामा नै थियो । (पृ.१८-१९) ।

माथि प्रस्तुत भएको उदाहरणमा रूपाली, रूपालीकी आमा र बुबाबीच संवाद आएको छ । यी तीनैजना पात्र यस उपन्यासका मुख्य पात्र मध्येका पात्र हुन् । यहाँ रूपालीको बुवाले विषयवस्तुको उठान मात्रै गरेको छ । त्यहाँ लोकविश्वासको कुनै पनि अवस्थाको प्रयोग भएको छैन । उसले व्यवहारिक कुरालाई श्रीमती समक्ष राखेको छ । रूपालीकी आमाको व्यवहारमा भने लोकविश्वासको प्रयोग भएको छ । रूपालीकी आमा विवाहिता नारी हो । हिन्दू विवाहिता नारीले टाउकोमा सिन्दुर लाउनुपर्छ भन्ने परम्परागत सामाजिक एवम् धार्मिक लोकविश्वास उसमा आएको देखिन्छ र उसले सिन्दुरलाई व्यावहारिक रूपमा प्रयोग गरेकी छे । त्यस्तैगरी उसले निधारमा रातो टीका पनि लगाएकी छे । यो अवस्था जीवित श्रीमान्‌को साथ पाएकी श्रीमतीले रातो टिका लाउनु पर्छ भन्ने परम्परागत लोकव्यवहार हो । यसका साथसाथै विवाहमा जाँदा चन्द्रमा नामको गहना शिरमा लाउने चलनअनुसार रूपालीकी आमाले त्यसबारेमा समेत चर्चा गरेकी छे । यहाँ रूपालीकी आमामाथि लोकविश्वासको प्रयोग गरिएको छ । ऊ परम्परागत पात्रका रूपमा आएकी पात्र हो । परम्परागत पात्रले हरेक प्रकारका लोकविश्वासलाई त्यतिकै पत्याउने गरेको अवस्थाको प्रयोग यहाँ भएको छ । उपन्यासकारले पात्रको माध्यमबाट नेपाली समाजमा लोकविश्वासको अवस्थालाई के छ र पात्रमा कसरी प्रयोग गरिएको छ भन्ने देखाउन खोजिएको छ । रूपालीकी आमाले यी व्यवहारहरूलाई सहज रूपले अंगालेको देखिन्छ । रूपालीकी आमा माथि लोकविश्वास अन्तर्गतको लोकव्यवहारको प्रयोग गरेर आफ्ना श्रीमान्‌हरूप्रति हरेक नारीहरू उत्तरदायी बन्नुपर्छ भन्न खोजिएको देखिन्छ । दुई पुस्ता बीच बहस चलाएर पनि लोकविश्वासको सामाजिक परीक्षण गर्ने काम यहाँ भएको छ । पुरानाले पुरानो शैलीलाई अपनाएको छ । नयाँले वैज्ञानिक कारणलाई अगाडि सारेको छ । यति हुँदाहुँदै पनि हिन्दू धार्मिक, सामाजिक परम्पराको निरन्तरता दिनुपर्छ र परम्परागत संस्कारहरूलाई बचाउनुपर्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ । कारणसहितको लोकविश्वासको अवस्थामा नयाँ पुस्ता पनि सन्तुष्ट हुने देखिन्छ ।

**साक्ष्य २**

> केही पनि भएको छैन जस्तै गरेर स्कुल जान तयार भएँ । भान्सामा खाना पाकिसकेको थियो । भान्सामा नै गएर खाएँ । आमा भने यस्तो बेलामा भान्सामा जानु हुन्नथ्यो । त्यसैले मलाई अलिअलि अप्ठ्यारो भने लाग्यो । यस्तो हुँदा भान्सामा जान किन नहुने होला है आमालाई सोध्छु, आमा एक्लै भएको बेलामा । (पृ ६५) ।

माथि प्रस्तुत भएको उदाहरणमा दुई पात्रहरू रूपाली र रूपालीकी आमा आएका छन् । रूपालीकी आमा अघिल्लो पुस्ताकी प्रतिनिधि पात्र हो र रूपाली पछिल्लो पुस्ताकी पात्र हो । अघिल्लो पुस्ताको पात्रमा नछुने भएका बेला भान्सामा जानु हुँदैन, गयो भने पाप लाग्छ भन्ने लोकविश्वास आएको छ भने पछिल्लो पुस्ता यस्ता कुरामा विश्वास मान्न तयार देखिँदैन । यहाँ प्रयोग भएको लोकविश्वासको माध्यमबाट समय परिवर्तन भएसँगै लोकले गर्ने लोकविश्वासहरू पनि परिवर्तन हुँदै जान्छन् भन्ने सन्देश दिएको देखिन्छ । पापधर्मप्रतिको लोकविश्वास हाम्रा लोकमा छ भन्ने कुराको पुष्टि यहाँ प्रयोग भएको सन्दर्भ नछुने भएका बेला भान्सामा जानु हुँदैन, गयो भने पाप लाग्छ भन्ने कुराले गरेको देखिन्छ । पाप लाग्ने नलाग्ने कुरा पात्रसँग सम्बन्धित विषय हो । उसको असर पात्रमा नै देखिन्छ ।

**आमाको चन्द्रमा उपन्यासका घटनामा लोकविश्वासको प्रयोगको अवस्था**

कुनै घटना घट्दा अथवा कार्य सम्पादन हुँदा जुन लोकविश्वासको प्रयोग भएको छ, ती लोकविश्वासलाई घटनासँग सम्बन्धित लोकविश्वासको रूपमा लिएर तिनीहरूको प्रयोग कसरी भएको छ साक्ष्य सहित यहाँ अध्ययन गेरिएको छ ।

**साक्ष्य १**

> बहिनी खाना खाएर सुतिसकेकी थिई । उसले देखेकी भए उ पनि म जस्तै डराउने थिई । पक्का हो । आमा भने पटक्कै डराउनु भएको थिएन । उहाँले खासै वास्ता गरेको जस्तो देखिएको थिएन । उहाँले बिस्तारै देवताको थानबाट पाला ल्याउनु भयो । पालामा थोरै तेल राख्नु भयो । बाती भिजाउनु भयो । काकाको नजिकै एउटा बोतामा चामल राखेर त्यसैमाथि दियो राख्नु भयो अनि नमस्कार गर्दै भन्नुभयो, "लौ परमेश्वरी दूधको दूध पानीको पानी छुट्याउनु पऱ्यो साँचो कुरा बक्न पऱ्यो ।" (पृ.७७)

माथि प्रस्तुत भएको उदाहरणमा एउटा घटना आएको छ। यस्तै प्रकारका घटना अध्याय छ मा अरू पनि छन् तर ती सबै यही घटनासँग सम्बन्धित देखिन्छन्। घटनामा काका या त बिरामी भएको या त भूतप्रेत केही उत्रेको अवस्था छ। देवीलाई शान्त गराउने विधिसमेत यो अवस्थामा प्रयोग भएको छ। त्यसको लागि देवताको थानबाट आमाले पाला ल्याएर तेल राखी दियो बालेको, चामल अक्षता ठिक पारेको र काकाको अगाडि राखेर परमेश्वरी दुधको दूध पानीको पानी छुट्याउनु पर्‍यो भनेर काकालाई अर्थात् बिरामीलाई बक्न लगाएको अवस्था छ। यस घटनामा काकालाई भूतले छोपेको अथवा देवता उत्रेको भन्ने देखाइएको छ। परमेश्वरीको नाम लिएपछि बिरामीले त्यहाँ भएको कुरा बक्छ अर्थात् भन्छ भन्ने लोकविश्वास यहाँ आएको देखिन्छ। यस्तो घटनालाई कतिपय लोकमा बोक्सी लागेको, भूत लागेको, वनझाक्री लागेको आदि घटनासँग तुलना गरेको देखिन्छ र यस्ता कुरामा लोकले पत्याउने पनि भएको हुनाले यहाँ भूतप्रेत, बोक्सी, डाइनीप्रतिको लोकविश्वासको प्रयोग गरेको देखिन्छ। परमेश्वरीको सहायताबाट यस्ता प्रकारका घटनाको समाधान पाइने लोकविश्वास यहाँ प्रयोग भएको पाइन्छ। उपन्यासकारले यहाँ प्रयोग गरेको सन्दर्भ नेपाली समाजभित्रकै एउटा प्रतिनिधि घटना हो भन्ने सङ्केत प्रदान गरिएको पाइन्छ।

**साक्ष्य २**

> "सत् परमेश्वरी दूतको दूध, पानीको पानी छुट्याइदेऊ," आमाले फेरि भन्नुभयो। मेरो मुटुले ढ्याङ्ग्रो ठोक्न थाल्यो। काकाभित्र चढेका देवता भगवान् त बोल्नुहुन्छ होला भन्ने लाग्यो। भगवान् हुन्छन् कि हुँदैनन् ? भूत प्रेत हुन्छ कि हुँदैन ? किन यो समाजले हे भगवान भन्छ ? पुकार गर्छन्। न भगवान् देखिन्छन् न त भूत नै देखिन्छन्। के मरेको मान्छेको आत्मा भड्केर भूत भएका छन् त ? किन यसमा वैज्ञानिकहरूले अनुसन्धान गर्दैनन् ? किन थाहा हुँदैन यी कुरा ? आजको दिन त म मर्छु कि जस्तो पो भयो। आजको रात मात्र काट्न पाए त भोलि उज्यालो हुने थियो (पृ.८०)।

माथि प्रस्तुत भएको उदाहरणमा काकालाई बिमारी अवस्थाले सताइरहेको छ सामान्य भाषामा भन्दा तर यहाँ भूत लागेको अथवा देवता उत्रेको भनेर सबै मान्छेमा विश्वास पलाएको छ। नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने पात्र रूपालीले यो घटनालाई मात्र हेर्न सकेको देखिन्छ। ऊ हेरिरहने यो घटना घटिरहने स्थिति यहाँ आएको छ। यसले के देखाउँछ भने पुराना पुस्ताका मानिसहरूमा यस प्रकारका घटनामा लोकविश्वास भएको प्रमाणित हुन्छ तर नयाँ पुस्ता बिना कारण, बिना तथ्य यस्ता विषय पत्याउन राजी छैन। यहाँ भूतप्रेत, तन्त्रमन्त्र र देवीदेवताप्रतिको आस्था र लोकविश्वास एकैपटक प्रयोग भएको छ। मानिसमा भूतप्रेत लाग्छ र त्यसबाट पार पाउन परमेश्वर देवीको शरणमा पुग्नुपर्छ भन्ने लोकविश्वास यहाँ आएको छ।

**आमाको चन्द्रमा उपन्यासको परिवेशमा लोकविश्वासको प्रयोगको अवस्था**

यस उपशीर्षकमा *आमाको चन्द्रमा* शीर्षकको उपन्यासमा परिवेशमाथि लोकविश्वासको प्रयोग कसरी भएको छ उदाहरणसहित अध्ययन गरिएको छ। परिवेशमा लोकविश्वासको प्रयोग भएका ठाउँहरू पहिचान गरी उदाहरण प्रस्तुत गरिएको छ। अन्तिममा त्यसको विश्लेषण गरिएको छ।

**साक्ष्य १**

> भित्र बुबा हजुरआमासँग कुरा गर्दै हुनुहुन्थ्यो। उहाँ भन्दै हुनुहुन्थ्यो, "लौ आजै कामी कान्छो भाइ लुगा धुन्छु है दाइ भन्दै धारामा आएको थियो। उसको धारामा के भएछ पानी आएन भन्दै यतै आयो। कान्छो आउँदा कामी कान्छोले लुगा धोइरहेको देखेको थियो। त्यसको दिमागमा त्यही असर परेछ। कति नै संस्कृतका दुईचार श्लोक जान्ने भन्दैमा आफूलाई ठूलो ज्ञानी हुँ भन्ठान्छ। कुसंस्कारले यसको भित्री आँखाको पर्दा छेकेको छ। कहिले खुल्ने हो खोइ त्यसको चेतना ?" बुबाले काकालाई किन त्यसो भन्नुभएको होला मैले पटक्कै बुझिनँ। हुनत बालविकासमा पनि हाम्रा गुरुले यस्तै यस्तै भन्नुहुन्छ। धर्म, संस्कार, कुरीति, कुसंस्कार, संस्कृति के के हुन् के के। खोई मैले त कहिल्यै कहिले बुझ्ने हो यस्ता कुरा। ध्यान गर्ने हो भने सबै खुल्छ भनेको त सुनेकै थिएँ। बरु ध्यान दिने पो कसरी हो ? (पृ ८४)।

माथि प्रस्तुत भएको उदाहरणमा लोकविश्वास भन्दा पनि अन्धविश्वासको प्रयोग भएको छ। लोकविश्वास लोकमा स्थापित हुन लामो समयसम्म यसले सकारात्मक प्रभाव पार्दै लोकहितको निम्ति काम गरेको हुनुपर्नेमा यहाँ विभेद आएको छ। परम्परागत प्राचीन समाजमा जातिजाति बीचमा विभेद थियो भन्ने कुरा यहाँ देखाइएको छ। ब्राह्मण र कामीको बीचमा एउटै धाराको प्रयोग गर्नु नहुने लोकविश्वास केही पात्रमा आएको छ। यस्तै प्रवृत्तिका पात्रहरू तत्कालीन समाजमा थिए भन्ने कुरा यस उपन्यासको माध्यमबाट देखाइएको छ। लोकसंस्कृति रीतिरिवाज परम्परालाई समाजले स्वीकार गर्दै आएको हुन्छ तर यसभित्र पनि विकृति छ भन्ने कुरा नयाँ पुस्ताले बुझ्न थालेको छ। पुराना पुस्ताको लोकविश्वास पुरानै ढङ्गबाट कायम भएको देखिन्छ भने नयाँ पुस्ताको लोकविश्वास वैज्ञानिक

हुनुपर्छ, समाजको हितको निम्ति हुनुपर्छ भन्ने देखाइएको छ। ध्यान गऱ्यो भने धेरै कुराको रहस्य पत्ता लाग्छ भन्ने लोकविश्वास भने नयाँ पुस्ताले पनि स्वीकार गरेको देखिन्छ। रूपालीमा पनि त्यसको प्रभाव परेको छ। दुई पुस्ता बीचको पारस्परिक सोचाइले लोकविश्वासमा समयअनुसार परिवर्तन हुँदै जाने कुराको संकेत दिएको छ। प्राचीन समयमा लोकविश्वासको नाममा, संस्कार संस्कृतिको नाममा मानिसले मानिसमाथि नै अत्याचार पनि गरेको रहेछ। आजको पुस्तालाई त्यसको दृष्टान्त यस उपन्यासले दिएको छ र यस्ता कुकर्मप्रति सदैव सचेत रहन आह्वान पनि गरेको छ। यहाँ काका वातावरणको सिकार बनेका देखिन्छन्। एकजना मानिसले मात्रै यो किसिमको वातावरण निर्माण गर्न सक्दैन। पुरातन जीर्ण समाज नै यस किसिमको कुकृत्य गर्ने वातावरण सिर्जना गर्न लागि परेको र पछिल्लो विकसित हुँदै गरेको समयमा परिवेशले पल्टा खाँदा लोकविश्वासमा परिवर्तन आउने अवस्थाको सिर्जना भएको छ।

**साक्ष्य २**

> बुबाआमाको अगाडि नाटकै गर्नुपर्ने के। नत्र थाहा पाइहाल्ने। मैले पैसाको बिटो झोलामा सुरक्षित राखेकी छु भन्ने कुरा बुबाआमा हजुरहरूलाई के थाहा। म पनि अब त कमाउने भइसकेकी छु क्या। मलाई लाउरेनी आमाले एक मुठा पैसा दिनुभएको छ। के गर्नु भन्न पो भएन भन्यो भने म राखिदिन्छु। अहिले मास्ने होइन। तलाई पेवा राखिदिन्छु भन्नुहुन्छ। दशैंमा टीका लगाएर पाएको पैसा पनि मैले राख्न र मास्न पाएको होइन। भयो नबन्ने। हुन त दिँदा पनि नराम्रो हुने त होइन। मेरो परिश्रमको कमाइ देखेर आमा खुसी हुनुहुनेछ बुबा मख्ख पर्नुहुनेछ। (पृ.१३६)।

माथि प्रस्तुत भएको उदाहरणमा रूपालीका कुराहरू धेरै आएका छन्। मनोसंवादको रूपमा उसले आफूसँग पैसा भएको कुरा व्यक्त गरेकी छे। सुन्ने यहाँ कोही पनि छैन तैपनि उसले आफैसँग भनेकी छे। उसलाई लाहुरेनी आमाले दिएको पैसा आमाबुबाले थाहा पाउनुभयो भने नमास्ने गरी राखिदिने कुरा उसले गरेकी छे। यसै सन्दर्भमा उसले दशैंमा टीको लगाएर उसले प्राप्त गरेको पैसा पनि आमाबुबाले नमास्ने गरी राखिदिएको कुरा बताएकी छे। दशैं एउटा अवसर हो। नेपाली जातिको मुख्य चाडको रूपमा यो मानिन्छ। उसले सबैको घरमा खुशियाली ल्याउँछ र यो उपन्यासमा पनि आएको छ। दशैँमा टिको लगाएपछि आशिर्वादका साथसाथै दक्षिणा स्वरूप पैसा दिने चलनको यहाँ उल्लेख भएको छ। त्यही दक्षिणाको पैसा आमा बुबाले राखेको बुझिन्छ। यहाँ दशैं प्रत्यक्ष आएको छैन तर अप्रत्यक्ष रूपमा दशैंले सांस्कृतिक चाडको अवस्थालाई भने व्यक्त गरेको छ। अप्रत्यक्ष ढंगले दशैंले यहाँ स्थान पाएको छ। यो भाषिक शिल्पको अवस्था पनि हो। कतिपय अवस्थामा यसरी अप्रत्यक्ष ढङ्गबाट पनि परिवेश निर्माण भई उपन्यासको कथावस्तु अगाडि बढ्न सक्ने अवस्था सृजना भएको देखिन्छ। पात्रलाई विगतको स्मृतिमा पुऱ्याएर दशैं चाडको सम्झना गराउँदै आफूसँग भएको पैसा बाबाआमालाई दिए त्यसैगरी उहाँहरूले राखिदिने कुराको बोध गराएको देखिन्छ। वर्णनमा दसैंको परिवेश गतिविधिको झल्को आएको देखिन्छ। यहाँ दशैँको माध्यमबाट किशोरीमा चेतनाको विकास भएको छ। त्यो चेतनासँगै रूपाली निणय शक्तिको विकास समेत भएको देखिन्छ।

## निष्कर्ष

यस अध्ययन कार्यमा विषयपरिचयअन्तर्गत शान्ति सापकोटाको आमाको चन्द्रमा मुख्य विश्लेष्य सामग्रीको बारेमा उल्लेख गरिएको छ। विश्लेषणका लागि निर्धारित शीर्षक *आमाको चन्द्रमा* उपन्यासमा लोकविश्वासको प्रयोग हो त्यो उल्लेख भएको छ। यस लेखको सुरूमा शान्ति सापकोटाको सङ्क्षिप्त लेखनीको परिचय दिने काम पनि भएको छ र त्यसपश्चात आमाको चन्द्रमा उपन्यास र विश्लेषणका लागि प्रयोग भएको विश्लेषणको सूचक सहितको जानकारी परिचय खण्डमा आएको छ। सैद्धान्तिक खण्डमा आमाको चन्द्रमा उपन्यासमा लोकविश्वासको प्रयोगको आधारमा विश्लेषण गर्ने ढाँचा सूचक सहित उल्लेख भएको छ। त्यसपछि उपन्यासमा प्रयुक्त लोकविश्वासको विश्लेषण गरिएको छ। विश्लेषण गर्दा तीन सूचकको छुट्टाछुट्टै उपशीर्षक बनाई विश्लेषण गरिएको छ। हरेक उपशीर्षकमा विश्लेषणका लागि दुई दुई साक्ष्य प्रस्तुत गरिएको छ। अन्तिममा साराश र निष्कर्षमा लेख पूरा गरिएको छ।

*आमाको चन्द्रमा* उपन्यासमाथि लोकविश्वासको प्रयोगका सन्दर्भबाट अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा यस उपन्यासमा लोकविश्वासको प्रयोग सशक्त रूपमा प्रमाणित भएको कुरा पात्रगत, घटनागत र परिवेशगत अध्ययनबाट आएको छ। पात्रमा लोकविश्वासको प्रयोग भएको देखिन्छ। त्यो प्रयोगले पात्रलाई गतिशील बन्न मलजल प्रदान गरेको छ। समयअनुसार लोकविश्वासहरू परिवर्तन हुँदै जान्छन। पुरानो पुस्ता एउटा आधारबाट बाँचिरहेको अवस्थामा नयाँ पुस्ताले ती आधारहरूमा सुधारको खोजी गर्दै जान्छ भनने कुरालाई उपन्यासमा प्रयुक्त लोकविश्वासका माधयमबाट प्रस्तुत गरिएको छ। सुधार सहितको लोकविश्वासको निरन्तरता समयले गर्छ।

आधुनिक समयका आख्यानसँग सम्बन्धित कृतिहरूमा उल्लेख्य सबै लोकविश्वासको अवस्था नपाइए पनि केही लोकविश्वासको प्रयोग भएको देखिन्छ । प्रस्तुत उपन्यास बालबालिका एवं किशोर किशोरीहरूलाई लक्षित गरेर लेखिएको कृति भएपनि यसभित्र पनि लोकविश्वास आउनुले औपन्यासिक कृतिहरूमा धेरथोर यसको अस्तित्व हुने रहेछ भन्ने कुरा देखाएको छ । यस अध्ययनको माध्यमबाट लोकविश्वासको प्रयोगको दृष्टिले आमाको चन्द्रमा उपन्यास सफल उपन्यासको रूपमा रहेको प्रमाणित हुन्छ । यहाँ व्यक्त भएको लोकविश्वासको प्रयोगले उपन्यासभित्रका पात्र, घटना र परिवेशमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै उपन्यासको कथानक पूर्ण भएको देखिन्छ। यसले उपन्यासभित्रका पात्रहरू र उपन्यासका पाठकहरू समेतलाई प्रभाव पारेको छ।

**सन्दर्भ सामग्रीसूची**


कोइराला, शम्भुप्रसाद, (२०५६), लोकसाहित्य, सिद्धान्त र विश्लेषण, काठमाडौंः साझा प्रकाशन ।

गिरी जीवेन्द्रदेव, (२०६७), नेपाली लोकसाहित्यमा जनजीवन, काठमाण्डौँ : एकता प्रकाशन ।

घर्ती दुर्गाबहादुर, (२०८१), लोकसाहित्यको अध्ययनपद्धति, काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

जोशी, सत्यमोहन (२०१४), हामो लोकसंस्कृति, काठमाडौं : रत्न पुस्तक भण्डार ।

थापा, धर्मराज (२०२७), हाम्रो लोकगीत, काठमाडौँ : रेडियो नेपाल ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, (२०४१), नेपाली लोकगीतको विवेचना, काठमाडौं : पा.वि.के. त्रि.वि ।

दिवस, तुलसी, (२०३३), नेपाली लोककथा केही अध्ययन, काठमाडौंः ने.रा.प्र.प्र. ।

पोखरेल, बालकृष्ण. *नेपाली बृहत् शब्दकोश.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान २०४० ।

पौड्याल, षडानन्द, (२०७८), नेपाली लोकविश्वास, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), नेपाली साहित्य, काठमाडौं : एकता बुक्स ।

भट्ट, वासुदेव. *डोटेली लोकसाहित्यको वाङ्मय कोश.* ललितपुर : साझा प्रकाशन २०६५ ।

यात्री, पूर्णप्रकाश नेपाल, *भेरी लोकसाहित्य.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान २०४१ ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६९) नेपाली उपन्यासको सिद्धान्त, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सापकोटा, शान्ति, (२०८१), *आमाको चन्द्रमा,* काठमाडौँ : सचित्र किताब प्रा.लि. ।

सिंह,कर्मा लीला (२०६३) लोकसाहित्य सिद्धान्त र विश्लेषण, काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, हंसपुरे, (२०५५), *नेपाली लोकजीवन : लोकविश्वास,* काठमाडौँ : साझा प्रकाशन ।

शर्मा मोहनराज र लुईटेल, खगेन्द्र प्रसाद, (२०६३) लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार,